जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७६ पृष्ठः ४ | २०८२ फाल्गुन १४ बिहीबार (Thursday 26 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सुक्खा मधेसमा ‘जल राजनीति’



**मिथिलेश यादव र टपेन्द्र कार्की**

लहान, १३ फाल्गुन। मुलुकमा बहुदलीय व्यवस्थाको स्थापनादेखि नै मधेसका जनताले अन्नको भण्डार मधेसमा सिँचाइ, कुलो, नहर, खानीपानीको समस्या देखाइरहे। उनीहरूले उठाएको सुक्खा मधेसको समस्याले ३२ वर्ष पार गर्दै छ। २०४८ सालयता प्रतिनिधिसभा र संविधानसभा गरी आठ पटक निर्वाचन भइसकेको छ। यसबिचमा मधेस प्रदेशले पहिचानको आन्दोलन पनि भोग्यो। संघीयता र पहिचानको आन्दोलनमा पनि सुक्खा मधेसबारे बारम्बार प्रश्न उठाइए। अर्थात्, लामो समयदेखि मधेसमा ‘पानी राजनीति’ चलिरहेको छ।

सरकारले सर्लाही, बारा, रौतहट, महोत्तरी र धनुषाको करिब एक लाख २२ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ पुऱ्याउने उद्देश्यका साथ सुनकोसी नदीको पानी बागमती नदीमा ल्याउन सुनकोसी-मरिन डाइभर्सनको काम भइरहेको छ। २०७६ सालमा सुरु भएको उक्त आयोजना ठेकेदारको लापरबाहीका कारण ढिला भएको बताएर सरकार जिम्मेवारी लिनबाट पन्छिरहेको छ। उक्त आयोजना कहिले तयार हुन्छ भन्नेमा कुनै टुंगो छैन। यद्यपि यो आयोजनाले पनि समग्र मधेसमा सिँचाइ सुविधा पुग्ने देखिन्न। ४५ हजार ६०० हेक्टर कमान्ड क्षेत्र रहेको बागमती र २५ हजार हेक्टर कमान्ड क्षेत्र रहेको कमला सिँचाइ प्रणाली मधेस प्रदेशका मुख्य सिँचाइ प्रणाली हुन्, जसबाट सर्लाही, रौतहट, धनुषा र सिरहाका केही भागमा सिँचाइ सुविधा उपलब्ध हुन्छ तर यो सपना पूरा गर्न अझै समय लाग्छ।

यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनका सन्दर्भमा सार्वजनिक गरिएका घोषणापत्रमा विभिन्न राजनीतिक दलले समेटेका अजेन्डामा सुक्खा मधेस र पानीबारे स्पष्ट रूपमा केही पनि उल्लेख छैन। नेपाली कम्युनिसट पार्टी (नेकपा) का सहसंयोजकसमेत रहेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेकपाका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ लगायत नेताहरू मधेस प्रदेशमा चुनाव लडिरहेका छन्। त्यसैगरी मधेसमा पहिचानको मुद्दा उठाएर स्थापित

-बाँकी तीन पेजमा

## श्रम गरे मात्रै देश बन्छ : हर्क साम्पाङ

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले श्रम र उत्पादनमुखी संस्कृतिबाट मात्रै देश बन्ने बताएका छन्।

सिरहा, १३ फाल्गुन। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले श्रम र उत्पादनमुखी संस्कृतिबाट मात्रै देश बन्ने बताएका छन्। सिरहाको गोलबजारमा आयोजित नेता-कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै उनले स्टन्ट र देखावटी नभई, इमान्दार श्रमले राष्ट्र निर्माण सम्भव हुन्छ भन्ने धारणा राखेका छ्न। श्रम सांस्कृतिक पार्टीका सभापति समेत रहेका साम्पाङले युवाहरूलाई उत्पादन, उद्यम र सामाजिक सेवामा जोडिन आग्रह गरे।

उनले राजनीतिमा लोकप्रियता भन्दा पनि परिणाममुखी काम आवश्यक रहेको बताउँदै श्रमलाई सम्मान गर्ने संस्कार बसाल्नुपर्नेमा जोड दिए। कार्यक्रममा सहभागी नेता कार्यकर्तालाई उनले गाउँ-गाउँमा श्रम अभियान सञ्चालन गर्न निर्देशन दिँदै विकासको आधार आत्मनिर्भरता र श्रम नै भएको उल्लेख गरे।

## सिरहामा रवि आउँदा देखिएनन् समर्थक, निराश भए कार्यकर्ता



**मुकेशकुमार यादव**

सिरहा, १३ फाल्गुन। राष्ट्रिय राजनीतिमा आफ्नो आक्रामक प्रस्तुति र भीड तान्ने क्षमताका कारण चर्चित राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति रवि लामिछानेको सिरहा भ्रमणमा यसपटक अपेक्षित उत्साह देखिएन। निर्वाचन लक्षित कार्यक्रमका लागि बुधबार लहान हुँदै गोलबजार आइपुगेका लामिछानेको स्वागतमा पार्टीका सिमित नेता-कार्यकर्ता सक्रिय देखिए पनि सर्वसाधारणको सहभागिता भने निकै न्यून देखिएको हो।

स्थानीयका अनुसार, गत माघ २७ गते रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह गोलबजार आउँदाको तुलनामा आजको उपस्थिति निकै कम थियो। बालेन आउँदा नेता, कार्यकर्ता र सर्वसाधारणको भीड

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर् वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आ नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्नै र सञ्चालन गर्ने हर्क हुनेछ।
- शिक्षासम्बन्धी हकको उपयोग गरौं। निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बालबालिकालाई चुनावी गतिविधिमा संलग्न नगराऊ

राजनीतिक नेताहरूको संस्कार लोकतान्त्रिक हुँदो हो त निर्वाचन वा अन्य राजनीतिक आचरणका लागि बाहिरबाट कसैले विधि र निषेधका सूची बनाउनै पर्ने थिएन। प्राकृतिक न्याय र सामान्य विवेकले सही ठान्न नसक्ने क्रियाकलापबाट उमेदवार र तिनका समर्थकहरू आफै जोगिने थिए। तर, नेपालका प्रायः सबै दलका नेता र तिनका समर्थकमा लोकतान्त्रिक संस्कारको अभाव छ। यसैले निर्वाचन आयोगलगायतका निकायले बेलाबखत आदेश, निर्देशन र चेतावनी दिनुपर्ने हुन्छ।

निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरिएको भेटिएपछि निर्वाचन आयोगले फागुन ११ गते विज्ञप्ति जारी गरी चुनावी अभियानमा बालबालिकाको प्रयोग नगर्न राजनीतिक दल र उम्मेदवारहरूलाई निर्देशन दिएको छ। निर्वाचन आचार संहितामा चुनाव प्रचारमा बालबालिकालाई संलग्न गर्न वा गराउन निषेध गरिएको छ। संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिलगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूमा पनि बालबालिकालाई कुनै पनि जोखिमपूर्ण काम र ठाममा सहभागी गराउन नहुने प्रावधान रहेको देखिन्छ।

निर्वाचन आयोगको विज्ञप्तिमा उल्लेख भएअनुसार आचार संहिताको उल्लंघन भएमा आयोगले उमेदवारी रद्द गर्नेसम्मको कारबाही गर्न सक्छ। यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले पनि निर्वाचनमा बालबालिकाको प्रयोग हुन नदिन राजनीतिक दल, नागरिक समाज, विद्यालय, शिक्षक र अभिभावकको जिम्मेवारी सम्झाउँदै तदनुरूपको आचरणका लागि आग्रह गरेको छ। आयोगको अनुगमनबाट सामाजिक सञ्जाललगायत प्रत्यक्षरूपमा पनि बालबालिकालाई निर्वाचन गतिविधिमा संलग्न गराएको पाइएको भन्दै आचार संहिता पालन गर्न ध्यानाकर्षण गराएको छ।

यसैगरी निर्वाचन आयोगले सरकारी शिक्षक तथा कर्मचारीलाई चुनावी प्रचारप्रसारमा संलग्न नहुनै स्मरण गराउँदै आफ्नो पेसागत मर्यादा नबिर्सन चेतावनी दिएको छ। आगामी फागुन २१ गते हुने निर्वाचनका लागि देशभर भइरहेको निर्वाचन प्रचारप्रसारमा केही सरकारी शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उमेदवार विशेषको प्रचारमा लागेको थाहा भएको भन्दै त्यस्तो गतिविधि निर्वाचन आचार संहिताविपरीत हुने जनाएको हो।

पक्कै पनि खुला समाजमा व्यक्ति विशेषको राजनीतिक मान्यता र झुकाव हुन्छ। अरू दायित्व नहुने हो भने राजनीतिक क्रियाकलापमा खुलेरै संलग्न हुँदा पनि राज्यलाई आपत्ति हुनुपर्ने देखिँदैन। संसारका कतिपय लोकतान्त्रिक मुलुकमा सरकारी कर्मचारीले निर्वाचनमा राजनीतिक पदका लागि उमेदवार हुनपाउने व्यवस्था पनि छ।

तर, नेपाललगायतका कतिपय मुलुकमा निर्वाचनलाई स्वच्छ र निष्पक्ष राख्न विभिन्न नियम र आचार संहिताबाट विधि र निषेध तय गरिएको हुन्छ। यसरी तय गरिएका विधि र निषेध कायम रहुन्जेल पालना गर्नु सरकारी कर्मचारी, शिक्षक, उमेदवारलगायत राजनीतिक दलका नेता कार्यकर्ता तथा सञ्चारकर्मीसहित नागरिक समाजको पनि कर्तव्य हो। आचार संहिताका प्रावधानहरू उचित नलाग्न सक्छन् तर तिनलाई कि खारेज गराउन सक्नुपर्छ नभए पालना गर्नु कानुनीमात्र होइन नैतिक दायित्व पनि हो।

### *सिरहामा रवि...*

पूर्व–पश्चिम राजमार्ग नै केही समय ठप्प भएको थियो भने सुरक्षाकर्मीलाई भीड नियन्त्रण गर्न हम्मेहम्मे परेको थियो। तर, सभापति लामिछानेको कार्यक्रममा सय जनाको हाराहारीमा मात्रै कार्यकर्ताहरू उपस्थित भए।

स्थानीयले सभापति लामिछानेको कार्यक्रममा उत्साह कम हुनुको मुख्य कारण उनीमाथि लागेको सहकारी ठगी सम्बन्धी आरोपलाई मानेका छन्। स्थानीय बद्री महतो भन्छन्, 'रविजी दोषी हो कि होइन भन्ने कानुनी फैसला आउन बाँकी होला, तर उनी अदालत धाइरहेको र विभिन्न ठाउँबाट धरौटीमा रिहा भएको खबरले जनतामा शंका पैदा गरेको छ।'

अर्का स्थानीय अशेश्वर यादवले रवि र बालेनबीचको तुलना गर्दै भने, 'बालेन निस्वार्थ भावले देश बनाउन हिँडेको जस्तो देखिन्छ, तर रविजी सहकारी प्रकरणमा मुछिएको खबरले गर्दा मानिसहरूमा पहिलेको जस्तो आकर्षण देखिएन।' आफ्ना शीर्ष नेता आउँदा समेत सर्वसाधारणको उपस्थिति पातलो देखिएपछि रास्वपाका स्थानीय समर्थकहरूमा केही निराशा छाएको छ। यद्यपि, पार्टीका केही कार्यकर्ताले भने समय अभाव र छोटो तयारीका कारण अपेक्षा अनुसारको भीड जुटाउन नसकिएको दाबी गरेका छन्।

# सर्लाही–४ : गगनलाई अमरेशको चुनौती, निर्णायक शिवपुजन 'फ्याक्टर'

**अमृत चिमरिया**

सर्लाही, १३ फाल्गुन। सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ को रामनगर गाउँपालिका–४ मा रामनरेश महतोको घर अगाडि सोमबार स्थानीय युवा, महिला र वृद्धवृद्धाको लर्को थियो। केही युवा कुर्सी मिलाउँदै थिए, केही सोफा जस्ता कुर्सीहरू सफा गरेर अग्लो स्थानमा राख्दै थिए। अलि बलिया पुरुषहरू टेन्ट हाल्न हतारिरहेका थिए भने महिलाहरू फूलको माला तयार पार्न व्यस्त थिए। यो सबै तयारीको कारण थियो– गगन थापाको घरदैलो।

जब गगन थापा आए, 'रामनगर' गुन्जिने गरी 'गगन सरकार'को नारा लाग्यो। थापा पनि प्रत्येक मतदातालाई व्यक्तिगत रूपमै भेट्दै थिए। उनीसँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोडेर कांग्रेस प्रवेश गरेकी नेतृ ममता शर्मा लगायत केही स्थानीय नेता मात्रै थिए। गगन स्थानीय कांग्रेस नेताकै घरमा बसेर चिसो पेय र बिस्कुट खाँदै, हात मिलाउँदै, फोटो खिचाउँदै बिदा हुँदा यो क्षेत्र पूरै उत्साहित देखिन्थ्यो। कार्यकर्ताहरू गगनलाई आफ्नै घरआँगनमा भेट्दा भावुक समेत देखिन्थे। गगन थापा सरल ढङ्गले घरदैलो गरिरहेका थिए। भाषाको केही समस्या भए पनि उनले त्यसलाई जसोतसो मिलाएर संवाद गरिरहेका छन्।

गगन थापा चुनाव लड्न आएपछि सर्लाही–४ 'इपिसेन्टर' बनेको छ। कांग्रेसको गुमेको साख फर्काउन र संगठनलाई पुनर्जीवित गर्न सभापति थापा आफैँ मैदानमा छन् भने अर्कोतिर सधैँ चर्चामा रहने यसै क्षेत्रका निवर्तमान सांसद अमरेशकुमार सिंह आफ्नो व्यक्तिगत प्रभाव र चतुर राजनीतिक चाल मार्फत विरासत जोगाउने कसरतमा छन्। यसैबिच, यस क्षेत्रको राजनीतिमा 'किङमेकर' मानिने शिवपुजन यादवले आफ्ना छोरा अमनिशकुमार यादवलाई नेकपा एमालेको ओत लगाएर चुनावी मैदानमा उतार्दा प्रतिस्पर्धा थप रोचक बनेको छ।

**कांग्रेस 'ब्याक' हुँदा गगनलाई सहज**

यस क्षेत्रको राजनीतिक इतिहासलाई फर्केर हेर्दा रामनगर गाउँपालिकाको फेरिँदो मनोविज्ञानले कांग्रेसलाई निकै उत्साहित बनाएको छ। कुनै समय कांग्रेसको अभेद्य किल्ला मानिने रामनगर पछिल्लो स्थानीय निर्वाचनमा माओवादी केन्द्रको पोल्टामा पुगेको थियो। तर स्थानीय राजनीतिक विश्लेषक र कार्यकर्ताहरूका अनुसार त्यो जित माओवादीको आफ्नै सांगठनिक शक्तिका कारण भन्दा पनि कांग्रेसभित्रको चरम अन्तर्घात र विभाजनको परिणाम थियो।

विशेषगरी अमरेशकुमारले पार्टीको आधिकारिक उम्मेदवार विरुद्ध आफ्नै प्यानल खडा गरेर कांग्रेसलाई हराउन भूमिका खेलेको आरोप लागेको थियो। तर अहिले अमरेशको पछि लागेर बागी बनेका र पार्टी छाडेका पुराना कांग्रेस नेताहरू अहिले धमाधम मातृ पार्टीमै फर्किरहेका छन्। यस क्षेत्रका केएस राहुल वर्मा, रामविनोद राय र अभिनन्दन सहनी जस्ता प्रभावशाली स्थानीय नेताको कांग्रेस फिर्तीले अमरेशको राजनीतिक जग नराम्ररी हल्लिएको कांग्रेसीहरूको दाबी छ।

**अमरेशलाई 'घण्टी' क्रेजको विश्वास**

रास्वपाका उम्मेदवार अमरेशकुमार सिंह यो क्षेत्रका लागि कुनै नयाँ पात्र होइनन्। प्रतिकूल परिस्थितिलाई पनि आफ्नो पक्षमा मोड्न सक्ने चतुर खेलाडीको रूपमा उनी चिनिन्छन्। लामो समयदेखि यसै क्षेत्रबाट निर्वाचित भएर संसद्मा प्रतिनिधित्व गरिरहेका सिंहको व्यक्तिगत पकड यो क्षेत्रमा बलियो नै देखिन्छ। विशेषगरी चुनावी रणनीतिमा 'साम, दाम, दण्ड, भेद'को प्रयोग गर्न उनी माहिर मानिन्छन्। तर यसपटक उनीमाथि लागेका गम्भीर आरोपहरूले उनलाई रक्षात्मक स्थितिमा पुऱ्याएको छ। लामो समय सत्ता र शक्तिमा रहेर पनि क्षेत्रको ठोस विकास नगरेको, मतदातालाई आश्वासन मात्र दिएको र आफ्नै स्वार्थका लागि पार्टीभित्र फुट ल्याएको आरोप उनीमाथि लाग्ने गरेको छ। विकास गर्न नसकेको 'ट्याग' लाग्नु र कार्यकर्ताहरूलाई धोका दिएको चर्चा चल्नुले उनको चुनावी यात्रालाई कठिन बनाएको छ।

यद्यपि, अमरेशको बलियो पक्ष उनको व्यक्तिगत सम्बन्ध र नेटवर्किङ हो। मधेसको दक्षिणी भेगमा अझै पनि उनको प्रभाव कायमै छ। साथै, राष्ट्रिय स्वतन्त्र पार्टीको बढ्दो क्रेज र बालेन शाहको मधेस आगमनले सिर्जना गरेको माहोललाई उनले चलाखीपूर्वक आफ्नो पक्षमा पार्ने कोसिस गरिरहेका छन्। 'मधेसीको छोरा प्रधानमन्त्री बन्नुपर्छ' भन्ने भावनात्मक नारा र 'घण्टी' चिह्नप्रतिको बढ्दो आकर्षणलाई उनले आफ्नो चुनावी हतियारको रूपमा प्रयोग गरिरहेका छन्।

अमरेशका समर्थक विनय सिंह भन्छन्, 'अमरेश दाइले जे गरे पनि यो माटोको मान्छे हो। बाहिरबाट आएकाले यहाँको मर्म बुझ्दैनन्। अहिले देशमा स्वतन्त्रको लहर छ, बालेन र घण्टीको जुन माहोल छ, त्यसले अन्ततः उहाँलाई नै बलियो बनाउँछ।' रास्वपाको लहरबाट प्रभावित अर्का स्थानीय युवा प्रमोद यादव भन्छन्, 'पुराना दलहरूले हामीलाई ठगे। घण्टी एउटा आशा हो र अमरेश सिंहले अहिले जुन बाटो लिएका छन्, त्यसले परिवर्तन चाहने युवाहरूलाई जोड्न खोजेको देखिन्छ।'

**गगनलाई पनि कम छैन चुनौती**

गगन थापाको उपस्थितिले सर्लाही–४ का युवाहरूमा ठुलो आकर्षण देखिएको छ। गगनको व्यक्तिगत छवि, वाकपटुता र राष्ट्रिय राजनीतिमा उनको अग्लो कदले यहाँका मतदातालाई निकै प्रभावित पारेको छ। कांग्रेसका पुराना कार्यकर्ताहरू जो अमरेशका कारण पाखा लागेका थिए, उनीहरू अहिले गगनकै आह्वानमा उत्साहित भएर पार्टीमा फर्किएका छन्। तर गगनका लागि पनि यहाँ चुनौतीहरू कम छैनन्। मधेसको भित्री इलाकामा पहाडी मूलको नेताको स्वीकार्यता र भाषिक अवरोधले केही हदसम्म समस्या पार्न सक्छ। मधेसका ग्रामीण भेगमा अझै पनि जातीय राजनीति र भाषिक सामीप्यलाई ठुलो महत्त्व दिइन्छ, जहाँ गगनले आफ्नो विकासको एजेन्डा स्थापित गर्न निकै मिहिनेत गर्नुपर्ने देखिन्छ। स्थानीय मतदाताहरूमा अझै एउटा संशय छ— 'गगन थापा त पहाडका हुन्, मधेसको माटोको समस्या उनले कसरी बुझ्लान् र ?' भन्ने प्रश्न गल्ली–गल्लीमा सुनिन्छ। तर गगनले आफ्ना स्थानीय प्रतिनिधि र कार्यकर्ता मार्फत यो संशय चिर्ने प्रयास गरिरहेको देखिन्छ।

गगन थापा आफैँ मैदानमा उत्रिएपछि कांग्रेसका पुराना र असन्तुष्ट कार्यकर्ताहरूमा ठुलो उत्साह देखिएको छ। हजरियाका स्थानीय कांग्रेस नेता रामपृत यादव भन्छन्, 'हिजो हाम्रैभित्रका केही मान्छेले पार्टी सिध्याउन खोजे, तर आज गगन थापा आउने सुनेपछि हामीमा नयाँ ऊर्जा आएको छ। मधेसलाई अब गाली गर्ने नेता होइन, डेलिभरी दिने प्रधानमन्त्री चाहिएको छ, जुन गगनमा देखिन्छ।' त्यस्तै, बरहथवाका अर्का कार्यकर्ता शिवजी साह भन्छन्, 'हामीले धेरैलाई जिताएर पठायौँ, तर मधेसको भावना काठमाडौँमा कसैले बोलेन। गगन थापा पहाडको भए पनि उनको सोच राष्ट्रिय छ। उनी आउँदा यहाँको विकासले गति लिने विश्वासमा हामी सबै पुराना रिसराग बिर्सेर एक भएका छौँ।'

पार्टी फर्किएका स्थानीय नेता रामविनोद रायको धारणा पनि उस्तै छ, 'अमरेश सिंहले कांग्रेसलाई भऱ्याङ मात्र बनाए। अहिले राहुल वर्मा जस्ता युवाहरू र गगन थापाको भिजनले कांग्रेसलाई फेरि पुरानो गढमा फर्काउँदै छ। हामी अब व्यक्तिको पछाडि होइन, विचार र संगठनको पछाडि लाग्छौँ।'

**निर्णायक शिवपुजन 'फ्याक्टर'**

सर्लाही–४ को राजनीतिमा शिवपुजन यादव एउटा यस्तो शक्तिशाली नाम हो, जसलाई बेवास्ता गरेर कुनै पनि राजनीतिक समीकरण पूरा हुन सक्दैन। उनी आफैँमा एउटा ठुलो 'भोट बैंक' हुन्। अघिल्लो निर्वाचनमा उनकी छोरी मधुमालाले स्वतन्त्र रूपमा एक्लै १४ हजारभन्दा बढी मत ल्याउनुले शिवपुजनको पकड र शक्तिको प्रमाण दिन्छ। यसपटक उनले आफ्ना छोरा अमनिशकुमार यादवलाई नेकपा एमालेको तर्फबाट मैदानमा उतारेका छन्।

एमालेको सांगठनिक मत र शिवपुजनको व्यक्तिगत १० हजारभन्दा बढीको 'रिजर्भ' मत जोडिँदा उनी अत्यन्तै शक्तिशाली प्रतिस्पर्धीका रूपमा देखिएका छन्। यदि शिवपुजनले आफ्नो आधार इलाकाको मत जोगाउँदै एमालेको सांगठनिक मतलाई पूर्ण रूपमा परिचालन गर्न सके भने नतिजा उनीहरूको पक्षमा जान सक्ने बलियो सम्भावनालाई कसैले नकार्न सक्दैन।

२०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मतको विश्लेषण गर्दा यो क्षेत्रको वास्तविक शक्ति सन्तुलन बुझ्न अझ सहज हुन्छ। निर्वाचन आयोगका अनुसार अघिल्लो निर्वाचनमा कांग्रेसले १६ हजार २९ मत पाएको थियो। दोस्रो स्थानमा रहेको जनमत पार्टीको १२ हजार ५९५ मत ल्याएको थियो। यसबाट यहाँ डा. सीके राउत नेतृत्वको जनमत पार्टी पनि बलियो रहेको देखाउँछ। माओवादी केन्द्रको ९ हजार ७९० र एमालेको ९ हजार ४७२ मत आएको थियो। यसरी हेर्दा यो क्षेत्रमा त्रिकोणात्मक भन्दा पनि बहुकोणात्मक प्रतिस्पर्धा हुने संकेत देखिन्छ। अघिल्लो निर्वाचनमा जसपा नेपालले ५ हजार १५२ र लोसपाले ३ हजार ६७३ मत ल्याएकाले उनीहरू पनि हारजितको फैसलामा निर्णायक बन्न सक्छन्।

कांग्रेसलाई आफ्नो अग्रता जोगाउन निकै चुनौतीपूर्ण छ, किनकि अमरेशकुमारले काट्ने कांग्रेसको परम्परागत मत र रास्वपाको उदयले कांग्रेसको भोट बैंकमा ठुलो धक्का पुऱ्याउन सक्ने देखिन्छ।

**भौगोलिक र जातीय कार्ड पनि**

यो क्षेत्रको निर्वाचन केवल राजनीतिक एजेन्डामा सीमित छैन, गहिरो भौगोलिक र जातीय चुनौतीको घेरामा पनि छ। १ लाख २१ हजारभन्दा बढी मतदाता रहेको सर्लाही–४ भौगोलिक रूपमा निकै विविधतापूर्ण छ। बरहथवा नगरपालिकाका सहरी र अर्धसहरी वडाहरूदेखि धनकौल र रामनगरका दुर्गम ग्रामीण भेगसम्म यो क्षेत्र फैलिएको छ। सहरी क्षेत्रमा विकास र सुशासनको नाराले काम गरे पनि ग्रामीण भेगमा अझै पनि जातीय समीकरण र 'मनी–मसल पावर'को भूमिका निर्णायक देखिन्छ। विशेषगरी यादव, दलित र मुस्लिम समुदायको मत जसको पक्षमा ढल्किन्छ, उसैको जित निश्चित जस्तै हुन्छ। शिवपुजन यादवको यादव समुदायमा बलियो पकड छ भने कांग्रेस र अमरेशकुमार सिंह दलित एवं पिछडिएका वर्गको मत तान्ने होडमा छन्।

उत्तरी क्षेत्र (हजरिया र बरहथवा)मा रास्वपाको 'घण्टी' को लहर बढी देखिन्छ भने दक्षिणी क्षेत्रमा अमरेशको व्यक्तिगत प्रभाव र कांग्रेसको सांगठनिक बलको लडाइँ छ। बालेन शाहको मधेस प्रवेशले सिर्जना गरेको भावनात्मक माहोलले कतिपय मतदातालाई परम्परागत दलहरूबाट टाढा लैजान सक्ने सम्भावना पनि उत्तिकै छ।

**उम्मेदवारको दाउपेच**

–बाँकी तीन पेजमा

## सर्लाही–४

**चलिरहेछ, मतदाताको मन जलिरहेछ**

उम्मेदवारहरू भोट तान्ने दाउपेचमा लागिरहँदा मतदाताहरू भने आफ्नो दैनन्दिनका समस्यालाई लिएरै चिन्तित छन्। सर्लाही–४ का किसानहरूको अवस्था अत्यन्तै दयनीय छ। ठुला चिनी मिलहरू रहेको यहाँका उखु किसानहरूको समस्या चुनावको सबैभन्दा ठुलो मुद्दा हो। ती मिलहरुकै कारण किसान पीडामा छन्। उखु किसानहरूको समस्या यहाँको सबैभन्दा ठुलो चुनावी मुद्दा हो। स्थानीय किसान गौरीशंकर साहका अनुसार मिल मालिकहरू शैलेन्द्र साह र वीरेन्द्र कानोडियाले किसानको करोडौँ रुपैयाँ भुक्तानी रोकेर राखेका छन्। किसानहरूले आफ्नो रगत र पसिना बगाएर उब्जाएको उखुको पैसा नपाउँदा उनीहरूको घरमा चुल्हो बल्न गाह्रो भएको छ।

उनीहरू भन्छन्, 'नेताहरू भोट माग्न मात्र आउँछन्, तर हाम्रा समस्या समाधान गर्न कोही पनि फर्केर आउँदैनन्।' मिलले हप्ता–हप्तामा पैसा दिने आश्वासन दिए पनि महिनौँसम्म भुक्तानी नपाउनु यहाँको नियति बनेको छ। सरकारले दिने भनिएको अनुदान र मिलले दिने मूल्य दुवै नपाउँदा किसानहरू ऋणको दलदलमा फसेका छन्। विकासका अन्य पूर्वाधारहरूको अवस्था पनि उस्तै निराशाजनक छ। धुलाम्य सडक, बिजुलीको अनियमितता र शुद्ध खानेपानीको अभावले स्थानीय जनता आक्रान्त छन्। स्थानीय युवा सरोजकुमार सिंहका अनुसार युवाहरू अब परिवर्तनको खोजीमा छन्। उनी भन्छन्, 'अमरेश सिंहले तीन पटक जितेर पनि यहाँको बाटोघाटो र अस्पताल बनाउन कुनै चासो दिएनन्। त्यसैले अहिलेका युवाहरू गगन थापा जस्तो भिजन भएको नेताको पक्षमा देखिएका छन्।'

तर यहाँ मतदाताहरू अलि निराश पनि सुनिन्छन्। उनीहरूका अनुसार नेताहरू सबै उस्तै हुन्, चुनावका बेला आश्वासन दिन्छन्, तर जितेपछि कसैको अनुहार देखिँदैन। शिक्षा र स्वास्थ्यको अवस्था त झन् भयावह छ। सर्लाही–४ मा अस्पताल र डाक्टरको अभाव छ, जसले गर्दा सामान्य उपचारका लागि पनि भारत वा वीरगन्ज धाउनुपर्ने बाध्यता छ।

**'हाइप्रोफाइल' भिडन्तको छायामा उखु किसानको आँसु**

सर्लाही–४ को राजनीति यतिबेला देशकै केन्द्रविन्दुमा छ। नेपाली कांग्रेसका महामन्त्री गगन थापा, निवर्तमान सांसद अम्रेश कुमार सिंह र प्रभावशाली नेता शिवपुजन यादवका छोरा अमनिश यादव लगायतको भिडन्तले राष्ट्रिय ध्यान खिचेको छ। तर चिल्ला गाडीको ताँतीभन्दा निकै टाढा यहाँका मतदाताको एउटै साझा प्रश्न छ– 'हाम्रो उखुको पैसा कहिले आउँछ ?'

यो क्षेत्र उखु खेतीको 'हब' मानिन्छ, तर यहाँका किसानका लागि उखु 'दुःखको बाली' बनेको छ। राजनीतिक दलहरूले यसलाई चुनावी एजेन्डा त बनाएका छन्, तर किसानको रित्तो खल्ती र चुल्होको पीडा कसैको प्राथमिकतामा परेको छैन। बगदह र धनकौलमा रहेका दुई ठुला चिनी मिलहरू यहाँका किसानका लागि वरदानभन्दा बढी अभिशाप बनेका छन्। धनकौलका स्थानीय किसान गौरीशंकर साहको आँखामा आक्रोश र आँसु सँगै देखिन्छन्। उनी भन्छन्, 'मिल मालिकहरू शैलेन्द्र साह र वीरेन्द्र कानोडियाले हाम्रो करोडौँ रुपैयाँ रोकेर राखेका छन्। हाम्रै रगत–पसिनाबाट उनीहरू महल बनाउँछन्, तर हामीले छोरीको बिहे गर्न र नातिनातिनाको स्कुल फी तिर्न पनि साहुसँग ऋण लिनुपर्छ।'

अर्का किसान रामवृक्ष महतो थप्छन्, 'सरकारले दिने अनुदान टाठाबाठाले खान्छन्। मिलले हप्ता दिनमा पैसा दिन्छु भन्छ, तर वर्ष बित्दा पनि पैसा आउँदैन। हामीलाई गगन थापा वा अमरेश सिंह को आउँछन् मतलब छैन, जसले हाम्रो उखुको पैसा र समयमा मल दिलाउँछ, उही हाम्रा लागि नेता हो।' चुनावका बेला नेताहरू खेतमै आएर आश्वासन बाँड्छन्, तर जितेपछि किसानको अनुहारसमेत नहेर्ने गुनासो यहाँका गाउँ–गाउँमा सुनिन्छ।

**स्वास्थ्य र पूर्वाधार : उपचार नपाएर बाटैमै मृत्यु हुने डर**

राजनीतिको ठुलो कुरा भइरहँदा सर्लाही–४ को स्वास्थ्य सेवा भने अत्यन्तै दयनीय छ। सिसौट र बरहथवा जस्ता मुख्य ठाउँमा नाम मात्रका स्वास्थ्य केन्द्र छन्। स्थानीय युवा मन्टुसकुमार सिंहका अनुसार सामान्य बिरामी पर्दा पनि एम्बुलेन्स खोजेर वीरगन्ज वा भारतको सीतामढी पुग्नुपर्ने बाध्यता छ। 'धुलाम्य सडकको अवस्था यस्तो छ कि बिरामी अस्पताल पुग्नुअघि नै बाटैमै मर्ने अवस्था हुन्छ,' सिंह भन्छन्, 'अमरेश सिंहले तीन कार्यकाल जिते, तर एउटा सुविधासम्पन्न अस्पताल बनाउन सकेनन्। अब हामीलाई भाषण होइन, अस्पताल र डाक्टर चाहिन्छ।'

## *सुक्खा मधेसमा...*

भएका नेताहरू महन्थ ठाकुर, उपेन्द्र यादव, सिके राउत, महेन्द्र यादव, राजेन्द्र महतोलगायत नेताहरूसमेत यही मधेसमा हुन्।

यस पटकको निर्वाचनपछि देशमा आमूल परिवर्तन हुने भनेर लोकप्रिय नारा दिइएको छ। तर 'काकाकुल' हुन लागेको मधेसलाई हरियाली बनाउने कुनै योजना छैन। मधेसमा पुरानो अनुहार नै चुनावी मैदानमा होमिएपछि स्थानीय धेरै उत्साहित छैनन्। ३०औं वर्षअघिदेखि नै मधेसमा जलसंकट देखिए पनि सरकारले समस्या समाधानका लागि दीर्घकालीन रणनीति पनि बनाएको छैन। विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने र डिप बोरिङ गाड्नेबाहेक राहतका योजना र दीर्घकालीन समस्या समाधानको कुनै रणनीति बनाइएको पाइन्न। अहिले पनि कुनै योजना छैन।

जनप्रतिनिधि तथा सम्बन्धित कार्यालयमार्फत तत्काल दीर्घकालीन योजना तथा आपतकालीन खानेपानी तथा सिँचाइ आपूर्तिको व्यवस्था गर्नुपर्ने माग स्थानीयको छ। मधेसमा गर्मीयाम सुरु भएसँगै चुनावी गर्मी पनि रफ्तारमा छ। उम्मेदवारहरू मतदातालाई आफ्नो पक्षमा पार्न व्याकुल भइरहेका बेला 'कोर मधेस' अर्थात् मधेस प्रदेशका अधिकांश जिल्लाका गाउँबस्ती काकाकुल बनेका छन्, चापाकल र इनारहरू सुक्न थालेका छन्। गहिरो गरी (करिब सय फिटमुनि) गाडिएका चापाकल (ट्युबवेल) बाट पानी आउन छाडेको छ। खानेपानी संकटले मधेसका गाउँबस्ती पिरोलिएका छन्।

चुरे क्षेत्रका खोलानालाको अनियन्त्रित दोहन, वन विनाश, खानीजन्य पदार्थको जथाभावी उत्खननका कारण पानीको मूल सुक्दै जान थालेकाले धनुषाको गणेशमान चारनाथ नगरपालिका–७ नवटोली बस्तीलाई खानेपानी समस्याले चर्को रूपमा गाँजेको छ। चारनाथ खोला र कमला नदी उत्तरवर्ती चुरे पहाडमा भइरहेको अनियन्त्रित दोहनका कारण यस भेगका जनता काकाकुल बन्दै गएको नवटेली निवासी कमल महतोले बताए। 'कलको हयान्डल घन्टौं थिच्दा पनि बाल्टिन भरिन्न,' उनले भने। महतोको घरसामुन्ने खानेपानी कार्यालयले बनाइदिएको इनार छ तर त्यहाँमा पानी पलाउन छाडेको छ।

यहाँका जनता पनि खानेपानीको चरम अभाव खेप्न बाध्य छन्। 'तीन वर्षअघि जसोतसो चापाकलले पानी फालेको थियो,' महतो भन्छन्, 'पोहोरदेखि त चुहिनै छाड्यो।' यतिखेर महतो परिवारलाई राजमार्गभन्दा दक्षिणतिर घर भएका महतो पानी ल्याएर प्यास मेटाउनुको विकल्प छैन। सिरहा गोलबजार नगरपालिकाका जनता पनि काकाकुल बन्न पुगेका छन्। चुरेनजिकैको यो नगरपालिकाका अधिकांश वडाका बासिन्दा पानीको चर्को अभाव बेहोर्न बाध्य छन्। पानीको मुहान तलतल गएपछि नगरवासी खानेपानीको समस्या झन्झन् चुलिँदै गएको स्थानीय रामस्वरूप महतो बताउँछन्।

चुरे फेदीमा अवस्थित धनगढीमाई नगरपालिकामा पनि खानेपानीको चर्को संकट छ। बस्तीको दक्षिण, पूर्व र उत्तर तीनैतिर जथाभावी खानीजन्य पदार्थ उत्खनन, उत्तरको चुरेमा वन फँडानी र ढुंगा उत्खननका कारण खानेपानीका स्रोतका रूपमा रहेका बस्तीबस्तीका इनार सुकेका छन्। इनारमा पानी सुक्दा महुलिया, मुसहर्निया, महुवाडाँडा, टेनाटेल, खुट्टी, मड्यान, सर्लेगायत स्थानका टोलवासी पिरोलिएका छन्। महुलीका बासिन्दा छिमेकी कसहाको इनारमा मोटर जडान गरेर पानीको जोहो गर्छन्। त्यो इनारमा पनि पानीको सतह घटिसकेको छ। पानी नपरे खानेपानी समस्या बढ्ने भन्दै त्यहाँका स्थानीय पिरोलिएका हुन्।

छिमेकी गाउँ कसहाबाट मोटर जडान गरेर पानी ल्याएका छौं,' महुलियाका विश्वनाथ यादव भन्छन्, 'कसहा र महुलियाका बासिन्दाले दुई दर्जनभन्दा बढी मोटर जडान गरेर हाललाई पानीको आवश्यकता पूर्ति गरे पनि बैलैमा वर्षा नभए त्यो इनारसमेत सुक्ने सम्भावना छ।' पिउने पानी नै नभएपछि कसरी बाँच्नु भन्दै पिरोलिएकी महुलिया निवासी शर्मिला यादवले नागरिकसँग भनिन्, 'खानेपानीको अभावले साह्रै दुःख भोग्नुपरेको छ।' महुलिया बस्तीमा मात्र ५५ यादव, दुई महतो, दुई राम र एक सोनार गरी ६० घरधुरीको बसोबास छ।

महुलिया मात्र होइन, सिरहामा चुरेसँग जोडिएका उत्तरी क्षेत्रका तीन दर्जनभन्दा बढी बस्तीका बासिन्दा बर्सेनि खानेपानीको चर्को समस्यामा परेका छन्। वर्षायामबाहेक उत्तरवर्ती क्षेत्रका बासिन्दाले चार महिनाजति खानेपानीको चरम समस्यासँग जुध्नुपर्ने अवस्था छ। त्यहाँका बासिन्दाले वर्षायाममा समेत खोलाको धमिलो पानीमा भर पर्नुपर्छ। फागुनको सुरुआतदेखि नै इनार, ट्युबवेललगायत खानेपानीका स्रोत सुक्न थालेपछि खोला र खोल्सीको पानीले तिर्खा मेट्न बाध्य भएको स्थानीयको भनाइ छ।

लहान नगरपालिकामा पनि पानीको सतह तलतल गएको छ। नगरका बासिन्दा गहिरो खाल्डोमुनि मोटर लगाएर पानीको जोहो गर्न बाध्य छन्। नगरको उत्तरवर्ती बरदमार, गोविन्दपुरलगायत क्षेत्रका बासिन्दालाई पनि प्यास मेट्न सकस छ। खानेपानीको समस्या उत्तरवर्ती क्षेत्रबाट फैलिँदै बिस्तारै दक्षिणवर्ती क्षेत्रमा समेत सुरु भइसकेको छ। पाँच वर्षअघिसम्म लहानमा ट्युबवेल जडान गर्दा ४० फिट गहिराइमा भेटिने पानीको सतह पाउन अहिले १२० फिटभन्दा तल जानुपर्छ। यो अवस्था बर्सेनि बढ्दै गए पानीको समस्या भोग्नुपर्ने अवस्था आउने स्थानीयको भनाइ छ।

'गर्मी सहनै नसक्ने गरी बढेको छ। तिर्खा मेट्न पानीको अभाव वर्षैपिच्छे बढ्दै छ। चुरे संरक्षण र नदीमा संरक्षणमुखी कार्य गर्न सकिए मधेसमा पानीका लागि मानिस आकुलव्याकुल हुनबाट जोगिने धनुषा नवटोलीका भागवत महतो बताउँछन्। पानी संकटबाट पार पाउन चुरे र नदीको संरक्षण गर्नुको विकल्प नभएको उनको भनाइ छ। मधेसका कृषक पेसाबाट दुःखी हुनुको मुख्य कारण हो, सिँचाइका लागि जल अभाव। केही दशक यता तराई–मधेसको जमिनमुनिको पानीको तह हवात्तै घटेको छ।

यति बेला उत्पन्न भएको धान रोपाईंको समस्या खडेरी मात्रै होइन, जमिनमुनिको पानीको तह घट्नु पनि हो। विगतमा ५–७ फिट खन्नासाथ पानी भेटिने अवस्था थियो। तर अहिले ४०–५० फिट खन्दासमेत पानी भेटिन मुस्किल पर्छ यसको एक मात्रै कारण चुरे क्षेत्रको विनाश हो। विज्ञहरूका अनुसार चुरे पानीको मुख्य भण्डार भए पनि मधेसमा चुरे अतिक्रमण अचाक्ली छ। मधेसको कुल क्षेत्रफलमध्ये २४ दशमलव ७८ प्रतिशत मात्र वन क्षेत्रले ओगटेको छ भने अधिकांश वन चुरे क्षेत्रमै छ। प्रदेशका १३६ मध्ये ८४ वटा स्थानीय तहमा वन क्षेत्र नै छैन। सरकारले वनलाई आर्थिक विकासका मेरुदण्ड मानिने कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भका रूपमा लिए पनि व्यावहारिक कार्यान्वयन गर्न नसक्दा समस्या विकराल बन्दै गएको छ। मधेसका कतिपय जिल्लामा पानीकै क्षेत्रमा काम गर्ने भू तथा जलाधार व्यवस्थापन कार्यालयलगायत कैयौं निकाय छन्। तर ती निकायले प्रभावकारी काम गर्न नसक्दा समस्या जटिल बनेको हो।

सिंगो मधेस यतिबेला खानेपानीको चरम अभाव भोगिरहेको छ। कतिपय स्थानमा स्थानीय सरकारहरूले दमकल, ट्यांकर प्रयोग गरेर पानी आपूर्ति गरिरहेका छन्। मधेस प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार सिँचाइयोग्य क्षेत्रको अनुपातमा सिँचाइ क्षेत्र ८५ दशमलव ३६ प्रतिशत छ। खानेपानीको मुख्य स्रोतका रूपमा ट्युबवेल र पाइप प्रणालीको प्रयोग गरिएको छ। तथ्यांकअनुसार खानेपानीका लागि ट्युबवेल र हाते पम्पको प्रयोग गर्ने परिवारको संख्या आठ लाख ३० हजार २१९ छ भने नदी/खोलामा आश्रित परिवारको संख्या ७२९ मात्र छ। मधेसको जनसंख्याको ठुलो हिस्सा भूमिगत पानीमा निर्भर छ। केही परिवार चुरेका जरुवा, नदी, खोलामा आश्रित छन् तर, भूमिगत पानीको मुख्य स्रोत चुरे क्षेत्र क्षतविक्षत भएपछि यतिबेला मधेसका चापाकल/ट्युबवेल सुकेका छन्।

सरकारले गरेको नदीजन्य पदार्थ उत्खननमा प्रोत्साहन तथा जनसंख्या वृद्धि भएकै कारण चुरे अतिक्रमण हुनुले पानीको हाहाकारको स्थिति आएको चुरेविज्ञ डा. विजयकुमार सिंह दनुवार बताउँछन्। किसानहरूको अनुभव सुन्दा जरुवा पानी, नदीमा पानी हराउनु चुरे दोहन नै हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।' चुरे क्षेत्र मधेसको जीवनरेखा हो तर बसाइँसराइ तथा भूमाफियाहरूको कारण चुरे अत्यधिक दोहनको चपेटामा छ। तथ्यांकअनुसार खानेपानीका लागि ट्युबवेल र हाते पम्पको प्रयोग गर्ने परिवारको संख्या आठ लाख ३० हजार २१९ छ भने नदी/खोलामा आश्रित परिवारको संख्या ७२९ मात्र छ। मधेसको जनसंख्याको ठुलो हिस्सा भूमिगत पानीमा निर्भर छ। केही परिवार चुरेका जरुवा, नदी, खोलामा आश्रित छन्। तर भूमिगत पानीको मुख्य स्रोत चुरे क्षेत्र क्षतविक्षत भएपछि यतिबेला मधेसका चापाकल/ट्युबवेल सुकेका छन्।

मधेस सरकारको वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको तथ्यांकले वन अतिक्रमणको भयावह चित्र देखाउँछ। आर्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार मधेसको पाँच हजार ६९२ दशमलव १५ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये सबैभन्दा बढी रौतहटमा तीन हजार १९० दशमलव ५२ हेक्टर अतिक्रमणमा परेको मन्त्रालयले जनाएको छ। मधेसका १३६ वटै पालिका वनमा आश्रित भए पनि सबै पालिकामा वन छैन। सप्तरीका १८ मध्ये आठ पालिकामा वन क्षेत्र छ भने सिरहाका १७ मध्ये ११, धनुषाका १८ मध्ये ४, महोत्तरीका १५ मध्ये दुई, सर्लाहीका २० मध्ये सात, रौतहटका १८ मध्ये पाँच, बाराका १६ मध्ये तीन र पर्साका १४ मध्ये सात वटा पालिकामा मात्र वन छन्।

**आपतकालीन योजना अलपत्र**

सरकारले मधेस प्रदेशका आठ जिल्लामा आपतकालीन कार्ययोजना सरकारले लागु गर्ने भनेको थियो। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदन तत्कालीन ऊर्जामन्त्री दीपक खड्कालाई बुझाए पनि त्यो प्रतिवेदन अलपत्र परेको छ। गत साउन १५ गते तत्कालीन ऊर्जामन्त्री खड्काले प्रतिवेदन बुझ्दै कार्यदलले दिएको सुझावलाई तत्काल कार्यान्वयन गर्ने र राहतदेखि सिँचाइका काम सुरु गर्न निर्देशन दिएका थिए तर त्यो अहिलेसम्म कार्यान्वयन भएको छैन। 'अब ढिलो गर्नु भनेको जनताको भरोसा गुमाउनु हो, यो विषय सरकारको कार्यसूचीको पहिलो प्राथमिकतामा हुनेछ,' त्यतिबेला ऊर्जामन्त्री खड्काले भनेका थिए। तराई मधेस देशको अन्नको भण्डार रहे पनि समयमै पानी नपर्दा सिँचाइदेखि खानेपानीको अभाव हुनु गम्भीर चिन्ताको विषय रहेको छ। तत्कालीन ऊर्जा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यको नेतृत्वमा कृषि तथा पशुपक्षी मन्त्रालयका सहसचिव, कृषि विभागका महानिर्देशक, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकसहितको ६ सदस्यीय कार्यदल गठन गरेको थियो।

**तीन रुपैयाँमा बिजुली कता गयो**

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मधेसमा पाँच सय डिप बोरिङ खन्ने काम सुरु भएको बताएका थिए। सिँचाइका लागि किसानलाई प्रतियुनिट बिजुलीको ३ रुपैयाँ मात्र लाग्ने जनाएका थिए। यो योजना कहिलेदेखि सुरु र कहिलेसम्ममा कार्यान्वयन भइसक्ने भन्ने विषयमा ठोस योजना थिएन। डिप बोरिङ खन्ने काम मधेसमा भइरहेको भए पनि त्यसको कुनै मापदण्ड बनाइएको छैन। राजनीतिक पहुँच र सोर्सफोर्सका आधारमा डिप बोरिङ खन्ने काम भइरहेको थियो। कतै ५० मिटरकै दुरीमा त कतै हजारौं मिटरको दुरीमा पनि पानी छैन। यसमा स्थानीय सरकार, प्रदेश सरकारसमेतले मनोमानी गरिरहेका छन्।

संघीय सरकारले गत साउन ७ गते मधेस प्रदेशलाई संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। साउन २६ गते मधेस प्रदेश सरकारले आफ्नो प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। सेनाको समेत सहयोगमा प्रदेश र स्थानीय सरकारले खानेपानी वितरण गरिरहेको थियो। मधेस प्रदेश अहिले पनि खडेरी र सुक्खको मारमा छ। पानीको कमीले खानेपानी र सिँचाइ प्रणालीमा समेत प्रभाव परेको छ। नेपालको अन्नभण्डार भनिने तराई मधेस सुक्खा हुदा पनि राजनीतिक दलका एजेन्डामा परेका छैनन्।

मधेस प्रदेशमा जलसंकट देखिएपछि सरकारले डिप बोरिङ खन्ने भने पनि कतिपय पुरानै योजना अलपत्र छन्। त्यसबारे विगतमा न कुनै सरकारले चासो दिए न त कुनै राजनीतिक दलले चिन्ता व्यक्त गरे। मधेसका आठवटै जिल्लामा झन्डै ४०० डिप बोरिङ खानेपानी आयोजना रहेको ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयले जनाए पनि ती कार्यक्रमहरू लागु भएका छैनन्। संघका ३०० भन्दा बढी आयोजना र प्रदेशका ८० वटा डिप बोरिङ खानेपानी आयोजना रहे पनि सबै अलपत्र छन्।

# नेपाली नागरिकलाई दक्षिण-पूर्वी एशियाका देशमा लगेर अनलाइन ठगी कार्यमा लगाउने क्रम बढ्दो

काठमाडौं, १३ फाल्गुन। आकर्षक रोजगारीको प्रलोभन देखाई नेपालीहरुलाई दक्षिण-पूर्वी एशियाका विभिन्न देशमा लगेर अनलाइन ठगीको धन्दामा फसाउने क्रम भयवह रूपमा बढ्दै गएको छ। थाइल्याण्ड, म्यानमार, लाओस र कम्बोडियाका स्क्यामिङ केन्द्रहरूबाट अहिलेसम्म तीन सय ९२ जनाको उद्धार गरी स्वदेश फर्काएको परराष्ट्र मन्त्रालयका सहसचिव प्रकाश अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार अझै तीन सय नौ जना उद्धार प्रक्रियामा रहेका छन् भने कम्बोडियामा मात्रै २ सय ४८ जना पर्खाइमा छन्। संयुक्त अरब इमिरेट्स र मलेसियामा लामो समयदेखि कार्यरत कम्प्युटर ज्ञान भएका नेपालीहरू यस्ता गिरोहको मुख्य निशानामा पर्ने गरेका छन्। उनीहरूलाई अनलाइन बेटिङ, क्यासिनो, गेमिङ र क्रिप्टो ठगीजस्ता गतिविधिमा संलग्न गराएको पाइन्छ।

तोकिएको कार्यलक्ष्य पूरा गर्न नसकेमा शारीरिक तथा मानसिक यातना दिने, राहदानी खोसेर बन्धक बनाउने र अर्को व्यक्ति नआएसम्म छुटकारा नदिने गरेको मन्त्रालयमा प्राप्त उजुरीहरूमा उल्लेख छ। गैरकानूनी रूपमा म्यानमार प्रवेश गरेका १८ जना नेपालीलाई त्यहाँको अदालतले एक वर्षको जेल सजाय सुनाएको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीका अनुसार सन् २०२२ यता उद्धारको संख्या बर्सेनि बढ्दै गएको छ। अझै कति नेपाली यी देशहरूमा फसेका छन् भन्ने यकिन तथ्याङ्क सरकारसँग छैन। धेरैजसो पीडित आफ्नै गाउँघरका चिनजानका व्यक्तिको फकाइमा परी स्क्यामिङ केन्द्रसम्म पुग्ने गरेको भन्दै सरकारले युवाहरूलाई विशेष सचेत रहन आग्रह गरेको छ।

# निर्वाचन प्रणाली सुधारबारे बहसको आवश्यकता छ : पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेल

काठमाडौं, १३ फाल्गुन। पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले नेपालको निर्वाचन प्रणालीलाई अझ समावेशी, पारदर्शी र उत्तरदायी बनाउन बहस हुनुपर्ने बेला आएको बताउनुभएको छ। राष्ट्रिय समाचार समितिसँग कुरा गर्दै पोखरेलले अहिलेको मिश्रित निर्वाचन प्रणालीले समावेशिताका दृष्टिले उपलब्धि हासिल गरे पनि गुणात्मक पक्ष अझै कमजोर रहेको बताउनुभयो।

समानुपातिक सूची तयार गर्दा दलहरूभित्र पारदर्शिताको अभाव रहेको र चुनाव अत्यधिक खर्चिलो हुँदा इमान्दार व्यक्तिले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आएको उहाँको भनाइ छ। पोखरेलले निर्वाचन प्रणाली सुधारका लागि पूर्ण समानुपातिक, बहुमतीय वा परिमार्जित मिश्रित प्रणालीलगायत विकल्पहरूमाथि गम्भीर छलफल हुनुपर्ने बताउनुभयो। उहाँका अनुसार समग्र देशलाई एउटै निर्वाचन क्षेत्र मान्नुको सट्टा प्रदेशस्तरीय समानुपातिक सूची बनाउँदा क्षेत्रीय प्रतिनिधित्व सुनिश्चित हुन सक्छ। आउँदो २१ गते हुन लागेको चुनावलाई सफल बनाउनु सबैको साझा दायित्व रहेको भन्दै उहाँले त्यसपछि आउने जनप्रतिनीधिले निर्वाचन प्रणाली सुधारका काम गर्नुपर्ने बताउनुभयो।

# अघिल्लो निर्वाचनमा ५ हजारभन्दा बढी भोट ल्याएका वाग्लेको समर्थन कांग्रेस उम्मेदवारलाई

बारा, १३ फाल्गुन। २०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा बारा-४ मा ५ हजार ५४२ मत ल्याएका इच्छाबहादुर वाग्लेले यसपटक नेपाली कांग्रेस उम्मेदवार श्यामबाबु गुप्तालाई समर्थन गरेका छन्। होटल व्यवसायी तथा जग्गा कारोबारी वाग्लेले गत निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएका थिए। २०७९ मा बारा-४ मा नेपाली कांग्रेस, तत्कालीन माओवादी केन्द्र, नेकपा एस सहितको पाँचदलीय गठबन्धनबाट किसान श्रेष्ठ विजयी भएका थिए भने एमाले उम्मेदवार एकवाल मियाँपछि तेस्रो स्थानमा वाग्ले थिए। यसपटक फागुन २१ गते हुने निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार निश्चित भइसके पनि वाग्लेलेको टिकट नपाएको चर्चा थियो।

रास्वपा बारा जिल्ला सभापति चन्दन सराफले वाग्लेको टिकट अन्तिम समयमा खोसिएको बताए। सिमरा आसपासका रास्वपाका नेताहरूले वाग्लेलाई उम्मेदवार बनाए चुनावमा सहयोग नगर्ने धम्की दिएपछि अन्तिम समयमा वाग्लेको टिकट खोसेर रहबर अन्सारीलाई दिइएको उनले दाबी गरे। वाग्लले आफू ४० वर्षदेखि नेपाली कांग्रेसको राजनीतिमा सक्रिय भएकाले गुप्तालाई सहयोग गरेको बताएका छन्। 'यसपटक पनि कांग्रेस र एमाले गठबन्धन हुँदै थियो, पुरानो उम्मेदवार किसान श्रेष्ठ फर्केर आउने देखेर उसको विरुद्ध मैले उम्मेदवारी दिन खोजेको हो,' वाग्लेले भने, 'तर म कतै टिकट नपाएर नगएको केही पनि होइन।'

जीतपुर सिमरा-७ मा आयोजित पार्टी प्रवेश कार्यक्रममा वाग्लले कांग्रेस नयाँ मोड र नयाँ ढंगबाट बढेको बताएका छन्। त्यस कार्यक्रममा कांग्रेस उम्मेदवार श्यामबाबु गुप्ताले लामो समयपछि जनताले रुख चिह्नमा मतदान गर्ने अवसर पाएकाले यो अवसरको सदुपयोग गर्न सबैलाई अनुरोध गरेका छन्। उनले कांग्रेस बदलिएर जनतामाझ आएकाले बारा-४ का जनताले कांग्रेसलाई जिताएर सेवा गर्ने अवसर दिन आग्रह गरे।

यसअघिको निर्वाचनमा बारा-४ का कांग्रेस नेता कार्यकर्ताले कलम चिह्नमा मतदान गरेका थिए। बुधबार जीतपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा करिब १५० जना युवा कांग्रेस प्रवेश गरेका आयोजकले दाबी गरेको छ।

# चुनावलाई ध्यानमा राखेर खाना पकाउने ग्यासको आयात बढाएको निगमको दाबी



काठमाडौं, १३ फाल्गुन। चुनावलाई ध्यानमा राखेर नेपाल आयल निगमले खाना पकाउने एलपी ग्यासको आयात बढाएको जनाएको छ।

बजारमा ग्यासको अभाव हुन नदिन भारतीय आयल कर्पोरेसनबाट ग्यासको लोडिङ उच्च दरमा भैरहेको नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डिका भट्टले बताउनुभयो। उहाँकाअनुसार हिजो यो वर्षकै सबैभन्दा धेरै परिमाणमा ग्यास लोड भएको छ।

हिजो एकै दिन एक सय ३८ बुलेट ग्यास लोड भएको निगमका कार्यकारी निर्देशक भट्टले जानकारी दिनुभयो। बजारमा अहिले पनि खाना पकाउने ग्यास सहज पाउन नसकेको उपभोक्ताको गुनासो छ। तर निगमले बाहिर आएजस्तो कुनै अभाव र समस्या नरहेको साथै चुनावको अवधिमा पनि ग्यासको आपूर्ति नियमित नै हुने दाबी गरेको छ।

# लुटिएका हतियार र सामाजिक सञ्जालको दुरुपयोग चुनावको मुख्य सुरक्षा चुनौती

काठमाडौं, १३ फाल्गुन। प्रतिनिधि सभा चुनावमा लुटिएका हतियार, फरार कैदीबन्दी र सामाजिक सञ्जालको दुरुपयोग प्रमुख सुरक्षा चुनौती रहेको अध्ययनले देखाएको छ। नेपाल कानून समाजले ३५ जिल्लाका ३३ पालिकामा गरेको अध्ययनले साइबर बुलिङ र सामाजिक सञ्जालमा फैलिने द्वेषपूर्ण तथा भ्रामकपूर्ण सामग्रीलाई मुख्य जोखिमका रूपमा औँल्याएको छ। नवयुवा आन्दोलनका क्रममा सुरक्षाकर्मीमाथि भएको आक्रमणका कारण मनोबलमा परेको असरलाई पनि सर्वेक्षणले जोखिमका रूपमा पहिचान गरेको छ। तर पनि ७१ प्रतिशत मतदाता र ९१.७ प्रतिशत सुरक्षाकर्मी फागुन २१ गते तोकिएकै मितिमा चुनाव हुनेमा विश्वस्त देखिएका छन्।

नेपाल कानून समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानका अनुसार सुरक्षा निकायको चुस्त तयारीले मतदातामा उच्च भरोसा जगाएको छ। अध्ययनका क्रममा मतदाताले यो चुनावलाई विगतभन्दा भिन्न र विशिष्ट मानेका छन्। चुनावपछिको संसद्बाट केवल नयाँ प्रतिनिधि मात्र नभई संवैधानिक र संरचनागत सुधारको अपेक्षा उनीहरूले गरेका छन्। २४ प्रतिशत मतदाता संविधान संशोधनमार्फत राजनीतिक प्रणालीमा संरचनात्मक परिवर्तन हुने कुरामा विश्वस्त देखिएका छन्। १८ प्रतिशत उत्तरदाताले संविधानमा ठूलो परिवर्तन भई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था कार्यान्वयनमा आउने अपेक्षा राखेका छन्।

# मिथिलाञ्चलमा होलीको 'जोगिरा' परम्परा लोपोन्मुख



धनुषा, १३ फाल्गुन। मिथिलाञ्चलमा होलीको अवसरमा गाइने परम्परागत लोकगीत 'जोगिरा' लोप हुँदै गएको छ। वसन्त पञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँटोलमा ढोल, मृदङ्ग र डम्फाको तालमा गुञ्जिने जोगिराको स्वर अब सुनिन छाडेको स्थानीयवासीले बताएका छन्। जोगिरा गाउने पुस्ता क्रमशः घट्दै गएकाले परम्परा सङ्कटमा परेको मिथिला नगरपालिका वडा नम्बर २ नक्टाझिजका ७२ वर्षीय रामपृत महतोले बताउनुभयो। युवा पुस्ता वैदेशिक रोजगारीमा जानु, पश्चिमी र डिजे संस्कृतिको बढ्दो प्रभाव तथा सांस्कृतिक हस्तान्तरण हुन नसक्नुलाई यसको प्रमुख कारण मानिएको छ।

संस्कृतिविद् किशोरी साहका अनुसार होली र सङ्गीतबीच गहिरो सम्बन्ध रहेको छ र सङ्गीतबिना होलीको परिकल्पना गर्न सकिँदैन। तर अहिले परम्परागत भन्दा आधुनिक संगीतको प्रभाव बढेको छ। धार्मिक, सामाजिक र सांस्कृतिक एकताको सेतुको रूपमा रहिआएको जोगिरा परम्परा जोगाउन राज्य, पालिका र समुदायको सक्रिय सहभागिता आवश्यक रहेको साहको भनाइ छ।


## श्री काभ्रे माहादेव सामुदायि वन उपभोक्ता समूह

लहान न.पा.-१६, नागबेले

**बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्रीको १५ दिने सूचना**

दोस्रो पटक सूचना प्रकाशन मिति २०८२।११।११

प्रस्तुत विषय यस काभ्रे माहादेव वन उपभोक्ता समूहबाट उत्पादित आर्थिक वर्ष २०८१।०८२ मा संकलन भएको विभिन्न लट बनाई घाटगडीमा राखिएको साल, आसना कर्मा पाखना र लाभपाते जातको काठ तथा दाउरा बाह्य बिक्री वितरण गर्नु परेकोले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र ईच्छुक फर्म तथा कम्पनी संघ, संस्थाहरुले प्रकाशित भएको १५ दिनभित्र समूहको कार्यालयमा गई सम्पर्क गर्न छन्। यो सूचना प्रकाशित गरिएको छ।


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)